दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**फ्ल्याट भाडामा**

बुटवल उप-महानगरपालिका-८, सुख्खानगर भानुपथमा अवस्थित सुविधा सम्पन्न 3 BHK (3 Bed Room, 1 living Room, 1 Kitchen , 1 dining, 1 Toilet, Bath Room, 1 Toilet) गाडी पार्किङ्ग सहितको भुई तल्लाको फ्याल्ट खाली रहेकोले भाडा लिन इच्छुक अफिस, गोदाम तथा ठूलो परिवारले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.**
**९८५७०३६७४९, ९८४७०८२०२१**



वर्ष ३६ | अंक २२४ | बुटवल | २०८१ साउन २६, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Aug.10, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


**लुम्बिनी कांग्रेसको किचलो सतहमा :**

# ‘नेतृत्वको निरंकुशताले पार्टी र संघीयता दुबै कमजोर’

**प्रदेश सरकारमा जाने मन्त्री छनोटका विषयमा बारम्बार संस्थापन पक्षका संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले संस्थापन इतरका प्रदेश सभापति अमरसिंह पुनसँग छलफल र समन्वय नगरी एकलौटी गर्दै गएपछि पार्टीभित्रको प्रदेशको किचलो केन्द्रीय समिति बैठकसम्म पुगेको छ। प्रदेश सभापति पुनले प्रदेश सरकारका सम्बन्धमा प्रदेश समितिसँग कुनै छलफल र समन्वय नगर्ने हो भने प्रदेश समिति र संघीयताको औचित्य नभएकाले खारेज गरे हुने चेतावनी दिन थालेका छन् ।**

**आचार्य प्रदीप**
*बुटवल*

नेपाली कांग्रेसभित्र लुम्बिनी सरकारमा जाने मन्त्रीहरूको छनोटका विषयमा विगतदेखि नै असन्तुष्टी देखिंदै आए पनि अहिले यो विवादले चर्को रुप लिएको छ । प्रदेशमा पार्टी संगठनमा संस्थापन इतर बलियो भए पनि संसदीय दलमा संस्थापन पक्ष हावी हुँदा विगतदेखि नै टकराव हुँदै आएको छ। पार्टीभित्रको टकरावको कारणले नेपाली कांग्रेसका संसदीय दलका नेता डिल्लीबहादुर चौधरीले प्रदेश सभापति अमरसिंह पुनसँग कुनै पनि किसिमको सल्लाह नगरी आफू र पार्टी सभापतिले भनेका व्यक्तिहरूलाई मन्त्री बनाएपछि विवाद सतहमा आएको छ।

प्रदेश सभापति पुनले संस्थापन पक्षको पेलाइको सार्वजनिक रुपमै विरोध गर्दै आएका छन् ।

संस्थापन इतरको असन्तुष्टी प्रदेशमा मात्र सीमित नरही अहिले पार्टीको केन्द्रीय समिति बैठकमा समेत प्रवेश पाएको छ। प्रदेश सभापति पुनले पार्टी सभापति शेरबहादुर देउवालाई ध्यानाकर्षण पत्र नै बुझाएका छन् ।

पार्टी कार्यालय सानेपामा बसेको केन्द्रीय समितिको बैठकमा लुम्बिनी सभापति पुनले नेतृत्वको निरंकुश कार्यशैली देखिएको आरोप लगाउँदै यस्तो किसिमको गतिविधिले पार्टीलाई प्रदेशतहमा कमजोर बनाउँदै लैजाने उल्लेख गरे ।

सभापति शेरबहादुर देउवाको चर्को आलोचना गरेका सभापति पुनले पार्टी प्रदेशको अन्तरसम्बन्ध, अन्तरसमन्वय र सहअस्तित्वमा सरकार गठन गर्नुपर्ने प्रावधानलाई कुल्चिदै पार्टी नेतृत्वले संघीयता र प्रदेश संरचनाप्रति वितृष्णा पैदा गराएको आरोप लगाए । सभापति पुनले नेतृत्वको निरंकुश कार्यशैलीले पार्टीको प्रदेश संरचना कमजोर बन्ने ठहर आफूले गरेको बताए।

‘संघीयता एवं समावेशिताको मर्म र पार्टीको विधान (नेपाली कांग्रेसको संशोधित विधान, २०१७ को परिच्छेद ४ दफा १३ को ७ (ठ) ) अनुसार प्रदेश पार्टीको अन्तरसम्बन्ध, अन्तरसमन्वय र सहअस्तित्वमा सरकार गठन गर्नुपर्ने प्रावधानलाई कुल्चिदै नेपाली जनतामा संघीयता र प्रदेश संरचनाप्रति वितृष्णा पैदा भैरहेको बेला कांग्रेसका आम साथीहरूको भावना विपरीत यस किसिमको निरङ्कुश कार्यशैलीले पार्टीको प्रदेश संरचना कमजोर बन्ने ठहर छ,’ उनले भने-‘तसर्थ उक्त निर्णयलाई पुनर्विचार गर्न कांग्रेस केन्द्रीय नेतृत्वलाई हार्दिक आग्रह गर्छु ।’

सभापति पुनले शक्तिशाली समीकरणका नाममा पार्टीभित्रको आन्तरिक शक्ति सन्तुलनलाई बेवास्ता गरेर नेतृत्व अगाडि बढ्न नपाउने बताए ।

लुम्बिनी प्रदेश सरकारमा मन्त्री पठाउँदा कुनै पनि सल्लाह नगरेको र पार्टीको प्रदेश नेतृत्वलाई बाइपास गरिएको भन्दै सभापति पुनले आपत्ति जनाएका थिए। मन्त्री सिफारिसको निर्णय नसच्याए विद्रोह हुने चेतावनी पुनले पार्टी केन्द्रीय नेतृत्वलाई दिएका थिए।





नेपाली कांग्रेसको संशोधित विधानको प्रावधानलाई पार्टी केन्द्रले कुल्चिँदै प्रदेशमा मन्त्रीहरू पठाउने काम गर्नु उचित नभएको उनको तर्क छ । उक्त विधानको दफामा प्रदेशमा मन्त्रीहरू पठाउँदा समावेशी आधारमा मापदण्ड बनाउने उल्लेख गरिएको बताउँदै भूगोल, महिला, दलित, जनजाति, पुराना, नयाँ आदिलाई ध्यानमा राख्दै छनोट गर्नुपर्ने भए पनि त्यस्तो हुन नसक्दा विद्रोह गर्नुपरेको उल्लेख गरे। कांग्रेसले नेकपा एमालेबाट मुख्यमन्त्री बनेका चेतनारायण आचार्य नेतृत्वको सरकारमा ५ मन्त्रालय पाएकोमा ४ जना पठाइसकेको छ। जसमा महिला सहभागिता शून्य छ। यस्तै पार्टीभित्रको गुटगत सन्तुलन पनि मिलेको छैन।

उनले प्रदेश सरकारमा मन्त्री पठाउने समर्थन गर्ने वा फिर्ता गराउने भन्ने अधिकार प्रदेश समितिसँग हुनपर्ने भए पनि त्यस्तो नभएको उल्लेख गर्दै सामान्य सहकार्यको वातावरण नभएकोले आफ्नो उपस्थिति र आफ्नो अधिकार प्राप्तीको लागि लड्नु पर्ने समय आएको उल्लेख गरे । उनले भने-‘त्यसैले केन्द्रले नाम दिएपछि प्रदेशमा मन्त्री बनिहाल्ने गलत काम भयो । संघीयता हो भने प्रदेश समितिलाई आफ्नो अधिकार कार्यान्वयन गर्न दिनुपर्छ ।’

सबै कुरामा केन्द्रले नै हस्तक्षेप गर्ने भएमा संघीयता किन आवश्यक छ भन्दै प्रश्न गर्दै उनले विभिन्न तहको कमिटी निर्माण गरेर कांग्रेसीहरूलाई झुक्काउने काम गर्न नहुने तर्क गरे ।

उनले प्रदेशलाई निर्णय तहमा अधिकार नदिने भए पार्टीका गतिविधिहरूमा आफैं समय र रकम खर्च गरेर हिंड्न आवश्यक नदेखिएको भन्दै आफ्नो व्यक्तिगत लडाइँभन्दा पनि प्रदेश समितिहरूको अधिकारको लागि गरिएको लडाइँ भएको उनले बताए।

» *बाँकी ३ पेजमा*

# लुम्बिनीका सबै मन्त्री किन काठमाडौं ?



बुटवल । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यसहित सबै मन्त्रीहरू काठमाडौं पुगेका छन् ।

मुख्यमन्त्री आचार्य मंगलबार काठमाडौं गएका थिए । अरु मन्त्रीहरु बिहीबार साँझ काठमाडौं पुगेका हुन् । उनीहरु प्रधानमन्त्री केपी ओलीसहित शीर्ष नेतालाई भेट्न काठमाडौं पुगेका हुन् ।

उनीहरुले कांग्रेस सभापति शेरबहादुर देउवा, एमाले महासचिव शंकर पोखरेल, अर्थमन्त्री विष्णु पौडेललाई भेटगरी प्रदेशको अवस्थाका बारेमा जानकारी गराएका छन् । मुख्यमन्त्री आचार्य राजनैतिक भेटघाटका लागि काठमाडौं गएका थिए। प्रधानमन्त्रीसँग मुख्यमन्त्रीसहित सबै मन्त्रीको शुक्रबार अपरान्ह ४ बजे भेट हुने कार्यक्रम तय भएपछि मन्त्रीहरु पनि बिहीबार साँझसम्म काठमाडौं पुगेका थिए । तर प्रधानमन्त्रीको स्वास्थ्य समस्याका कारण आइतबार बिहान भेट सरेको भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले जानकारी दिए ।

लुम्बिनी प्रदेशमा संघीयता कार्यान्वयनको ७ वर्षमा प्रदेशका सबै मन्त्री एकसाथ काठमाडौंमा जुटेको यो पहिलो पटक हो । साउन ९ गते लुम्बिनीमा मुख्यमन्त्रीसहित एमालेबाट ५ र कांग्रेसबाट ४ मन्त्री बनेका थिए । कांग्रेस संसदीय दलका नेता डिल्ली चौधरी पनि काठमाडौं छन् । कतिपय भेटमा चौधरी पनि सँगै छन् । बिहीबार दिउँसो एमाले महासचिव शंकर पोखरेललाई मुख्यमन्त्री टोलीले भेट गर्दा कांग्रेस दलका नेता चौधरी पनि सँगै थिए ।

संघीय सरकारले लुम्बिनी प्रदेश सरकारलाई गत आवमा दिनुपर्ने समानीकरण अनुदानतर्फको २ अर्ब १० करोड रुपैयाँ रकम नदिएपछि प्रदेशको आर्थिक व्यवस्थापनमा समस्या भएको छ । त्यही रकम मागसहितका राजनैतिक परामर्श रहेको मन्त्री ढकालले बताए ।

प्रधानमन्त्री ओलीको सचिवालयका अनुसार, प्रधानमन्त्री ओलीले सातै प्रदेशका मुख्यमन्त्रीसहित मन्त्रीहरूलाई काठमाडौंमै बोलाएर प्रदेशको अवस्थाको जानकारी लिने योजना बनाएका छन् । यही योजनाअन्तर्गत लुम्बिनीका मुख्यमन्त्रीसहित सबै मन्त्री काठमाडौं आएका हुन् । ‘हामीले शुक्रबार अपरान्ह ४ बजे भेट गर्ने समय तय भयो, प्रधानमन्त्रीको स्वास्थ्य अवस्था ठिक नभएपछि आइतबारलाई सरेको छ ।’–मन्त्री ढकालले भने ।

# कांग्रेस नेताको नाममा नामकरणको निर्णयप्रति एमालेको आपत्ति



बुटवल । बुटवलको सिद्धार्थ बाल तथा महिला अस्पताल (आम्दा ) को प्रशासनिक भवनलाई नेपाली कांग्रेसका स्वर्गीय नेता सूर्यप्रसाद प्रधानको नाममा नामकरण गर्ने निर्णयप्रति नेकपा एमाले बुटवल उपमहानगर कमिटीले आपत्ति जनाएको छ । साउन १६ गते बसेको अस्पताल व्यवस्थापन समितिको बैठकमा बुटवल उपमहानगरका मेयर खेलराज पाण्डेयले उक्त प्रस्ताव पेश गरी निर्णय गराएका थिए। पाण्डेय अस्पतालको स्थानीय व्यवस्थापन समिति अध्यक्ष हुन् । उक्त समितिमा उपमहानगर प्रमुख पेदन अध्यक्ष, बुटवल उद्योग वाणिज्य संघ अध्यक्ष पदेन उपाध्यक्ष रहने व्यवस्था छ। स्थानीय व्यवस्थापन समिति सेरेमोनियल भूमिकामा सहजीकरणको मात्रै काम गर्ने संयन्त्र भए पनि मेयर पाण्डेयले राजनीतिकरण गरी प्रशासनिक भवनको नाम सूर्यप्रसाद प्रधानसँग जोडेर राख्ने निर्णय गर्नु अत्यन्तै त्रुटीपूर्ण निर्णय भएको एमाले नगर अध्यक्ष किसन ज्ञवालीले विज्ञप्ति जारी गर्दै भनेका छन् । ‘२० वर्ष पहिले निर्माण भइसकेको प्रशासनिक भवनलाई हाल आएर अमूक राजनीतिक व्यक्तिको नाममा नामाकरण गर्ने अत्यन्तै त्रुटीपूर्ण निर्णय भएको छ, अतः पुरानो प्रशासनिक भवनलाई व्यक्तिसँग जोडेर नामकरण गर्ने निर्णयप्रति हाम्रो पार्टीको गम्भीर असहमति रहेको व्यहोरा जानकारी गराउँदै उक्त अपरिपक्क निर्णय तत्काल फिर्ता लिई आम्दा अस्पतालको गुरुयोजनाअनुसार सेवा विस्तार तथा प्रभावकारी सञ्चालनको काम अगाडि बढाउन हाम्रो पार्टी जोडदार माग गर्दछ ।’-विज्ञप्तिमा भनिएको छ ।

२०५५ सालमा बुटवल ७ दिपनगरमा स्थापना भई सञ्चालनमा आएको अस्पताल जापानको आम्दा इन्टरनेशनल र नेपाल सरकारको सहयोगमा निर्माण भएको हो। स्थानीय व्यवस्थापन समितिका उपाध्यक्ष एवं बुटवल उद्योग वाणिज्य संघ अध्यक्ष हरिप्रसाद अर्यालले सूर्यप्रसाद प्रधानले अस्पताल स्थापनामा खेलेको भूमिकाको सम्मानका लागि प्रशासनिक भवन उनको नाममा नामकरण गर्ने प्रस्ताव नगरप्रमुख पाण्डेयले बैठमा ल्याएका र आम्दा नेपाल तथा आम्दा इन्टरनेसनलका प्रतिनिधिले पनि समर्थन गरेर निर्णय भएको बताए । उक्त समितिमा बुटवलका पूर्व मेयर पनि देन सदस्य हुने व्यवस्था छ। पूर्व मेयर शिवराज सुवेदी बैठकमा अनुपस्थित भएको मौका छोपेर अस्पताललाई राजनीतिकरण गर्ने गरी भएको निर्णय एमाले लगायत अन्य दललाई स्वीकार्य नहुने एमाले नगर अध्यक्ष ज्ञवालीले बताए । यस सम्बन्धमा अन्य दलहरुसँग बैठक बसेर थप निर्णय लिइने उनले बताए ।

यसअघि नगरप्रमुख पाण्डेयले बुटवल अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको नाम गिरिजाप्रसाद कोइराला नामकरण गर्ने निर्णय उपमहानरको कार्यपालिका बैठकबाट पारित गराएका थिए । तर नेकपा एमालेलगायतका दलले चर्को विरोध गरेपछि उक्त निर्णय कार्यान्वयन हुन सकेन ।




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८१ साउन २६ गते, शनिबार

तपाईंका लागि...

## बिट्‌विन द लाइन्स्...

मानिसका लागि
मानिसभन्दा ठूलो अरु क्यै हुन्न–
मानिसभन्दा ठूलो कुरो
तिमीले नखोजे पनि हुन्थ्यो,
मानिस मूल्य तिरेर तिमीले
तिमीले के पायौ कुन्नि–
तर मानिसलाई नबेचे पनि हुन्थ्यो ।

– वासु शशी

कथा

# गुरु आसन

विजय सागर

*(भैरहवामा बसेर साहित्य सिर्जनामा तल्लिन आदरणीय विजग सागर 'मैनाली कथा सम्मान २०७५'बाट पुरस्कृति हुनुभएको छ । उहाँलाई पाहुरका तर्फबाट हार्दिक बधाई व्यक्त गर्दै सागरको यो कथा पाहुरका पाठकको लागि प्रकाशित गरिएको छ । यो कथा सागरको संयुक्त कथा संग्रह 'विवरुका कथाहरू'मा संग्रहित छ ।)*

करिब तीन महिना पछि ईलालाई छुट्टै कोठा दिइएको थियो । कोठा सुकिलो राम्रो, दुईजना सजिलै बस्न सकिने थियो । कोठाको पश्चिम, दक्षिणतिर झ्याल, पूर्व तर्फको भित्तामा गुरूको बडेमानको आकर्षक फोटो थियो । उत्तरतर्फको भित्तामा यौटा बोर्ड टाँगिएको थियो । बोर्डमा लेखिएको थियो– धर्म भनेको ज्ञान हो ज्ञ ईलालाई बोर्डमा लेखिएको वाक्य अर्थात् धर्मको परिभाषा मन परयो । उनले मन मनै भनिन्– वास्तवमा धर्म भनेको ज्ञान हो । अज्ञान भनेको पाप हो । अनि उनी आफै मुसुक्क हाँसिन् ।।

शायद छ महिनापछि उनको मुहारमा पहिलोपल्ट हाँसो आएको थियो । मन आनन्द भएको थियो । ईलालाई लाग्यो यो पन्थमा आएर उनले राम्रो गरिन् ।

यथार्थमा प्रेम विवाह गरेको छ महिना नबित्दै ईला सत्र वर्षको कलिलो उमेरमा विधवा भएकी थिइन् । पति किरण मोटर साइकल एक्सिडेन्टमा बितेका थिए । किरणको मुत्युको दोष आफैँलाई दिएर ईलाले आत्महत्याको प्रयास नगरेकी हैन । तर परिवारजनले सफल हुन दिएनन् । हीनता र एक्लोपनले पागल हुन लागेकी ईलालाई यस सम्प्रदायकी चित्रलेखा दिदीले कसरी कसरी सम्झाई बुझाई बुटवल घरबाट यहाँ ल्याई पुऱ्याएकी हुन् ।

साँझ आरतीपछि गुरुसँग उनको दर्शनको समय थियो । सदा झै गुरुबाट प्रवचन भै रहेको थियो । गुरु धाराप्रवाह धर्म र ईश्वर बारेमा प्रवचन दिई रहनु भएको थियो । धर्म भनेको ज्ञान हो ज्ञान भनेको प्रकाश हो । प्रकाश भनेको उज्यालो हो । उज्यालो भनेको करूणा हो । करूणा भनेको प्रेम हो । प्रेम भनेको सेवा हो । यही सेवा नै ईश्वरको सेवा हो । भगवानको पूजा हो । गुरुको धर्म र ईश्वरको यस व्याख्यालाई उपस्थित हजारौं भक्तजनहरूले तालीबाट समर्थन र स्वागत गरे । प्रवचन कार्यक्रम सकियो ।

आरती कार्यक्रम पनि सकियो । भक्तजनहरू गुरुलाई प्रणाम गर्दै जान थाले । केही समयपछि सभाकक्ष करिब करिब खाली भयो । पन्थमा बस्ने भाईबहिनीहरू बाहेक अरु कोही रहेनन् ।

गुरु उठेर आफ्नो कक्षमा जानु भयो ।

ईला सभा कक्षमै थिइन् । यौटी दिदी आइन् र भनिन्– ईला तिमीलाई थाहा नै होला । आज साँझ साढे सात बजे गुरुसँग निम्रो साक्षात्कार हुने छ ।

ईलाले टाउको हल्लाएर थाहा भएको जानकारी दिइन् । सभाकक्षमा टाङ्गिएको ठूलो घडीतर्फ आँखा लगाइन् छ बजेर पैतालिस मिनेट गैसकेको रहेछ ।

आफ्नो नयाँ कोठामा आइन् । पन्थमा बस्ने सबै भाइ बहिनीहरूको लुगा योटे प्रकारको थियो । गेरूचा धोती र सेतो कुर्ता वा चोली । पन्थमा बस्ने सबै भाई बहिनीहरूको सबै प्रकारको व्यवस्था पन्थले नै गर्यो । ईलालाई पनि तीन जोर वस्त्र दिइएको थियो । इंलाले लुगा फेरिन् । कोठामा ठूलो ऐना पनि रहेछ । शायद त्यो घटनापछि पहिलो पल्ट ऐना हेरिन् । ईला छक्क परिन् । आफ्नो रूप नै अर्कै देखिन् । अनुहार प्रकाशमय र सौम्य देखिन् । आफ्नो रूप देखेर आफै छक्क परिन् । म झन कलिली कसरी देखिएँ ईलाले आफैँलाई आफैँ प्रश्न गरिन् ।

यही बेला ढोकामा कसैले ढक्ढक् गरेको आवाज आया । ईलाले ढोका खोलिन् । ढोकामा उनै दिदी थिइन् । दिदीले भनिन्– बेला भयो जाउँ ।।

ईला तयार थिइन् । दिदीको पछि पछि लागिन् । दुबै यौटा कलात्मक ढोकामा पुगे । भित्र मधुर रातो बत्ती बलिरहेको पारदर्शी पदबाटै देखिन्थ्यो । दुबै भित्र पसे ।।

दिदीले झुकेर प्रणाम गरिन् । ईलाले देखिन् यौटा भब्य सिंहासनमा गुरु विराजमान हुनुहुन्छ । ईलाले पनि झुकेर अभिवादन गरिन् । यसै बेला कोठा उज्यालो भयो । गुरु ध्यान मग्न हुनुहुन्यो । भगवान् श्री कृष्णको भेष र श्रृंगारमा सुनको सिंहासनमा विराजमान हुनुहुन्थ्यो । पिताम्बर वस्त्रमा गुरु साच्चिकै अलौकिक व्यक्तित्वका धनी देखिनु हुन्यो ।

दिदी र ईला उभिएकै थिए । गुरूबाट आज्ञा भयो– शीला ! दिदीको नाम शीला रहेछ । ईलाले थाहा पाइन ।

दिदीले भनिन्– गुरूवर ! आज कन्या इंलालाई आशिर्वाद दिने शुभ मुहूर्त छ । गुरुले आँखा खोल्नुभयो । ईलालाई संकेत गर्दै भन्नु भयो– बस, सुकुमारी ! इंला गुरु नजिकै रहेको भूईकै आसनमा बसिन् ।

अनि शीला कोठा बाहिर गइन् । यो कलिलो उमेरमा यो पन्थमा तिमी कसरी आयौं । सुकन्या ईला ?

ईलाको मनको घाउको आलो पाप्रा फेरि उप्कियो । घाउबाट रगत बगे सरि आँखाबाट आँशु बग्न थाले । मनलाई शान्त गर कन्या । मनलाई शान्त गर । गुरुबाट आज्ञा भयो । यद्यपि आँशु बगे पछि मन हल्का हुन्छ नै । तर आँशु शक्ति हो । यसलाई बाग्न नर्दछ ।

ईला शान्त हुने प्रयास गरिरहिन् । गुरुबाट आज्ञा भयो । कसरी तिम्रो मन यसरी बैरागियो ?

ईलाले शान्त आवाजमा भनिन्– गुरु ! मेरो आफ्नो मान्छे मेरै कारणले यो संसारबाट असमयमै बिदा भयो । मेरो इच्छाको कारणले ।

कस्तो इच्छा ? गुरुबाट प्रश्न भयो ।

आमा बुवाको म एक्लो छोरी ! ईलाले भनिन् । हामीले प्रेम गरेका थियौं । हाम्रो जाति–पानी मिल्दैन्थ्यो । तर पनि हामीले प्रेम विवाह गयौं । उच्च शिक्षा हासिल गरेका किरण साधारण जागिरे थिए । तर पनि हाम्रो जीवन रामै चलिरहेको थियो । भैरहवाको यौटा बैङ्कमा जागिर खुल्यो । मैले उनलाई बैङ्कमा जागिर खान अनुरोध गरे । उनले भने– मैयाँ ! यो जागिर नै ठिक छ । यदि मैले बैङ्कमा जागिर पाएँ भने पनि बुटवल– भैरहवा बाइकमा आउन जान अप्ठेरो छ । बाइकमा आउनु जानु हिजो–आज ठिक छैन । फेरि आफूले गल्ती नगरे पनि दुर्घटना हुन सक्छ ।

मैले हाँस्दै भने–हुँदैन दुर्घटना ! हजुरले बैङ्कमा दरखास्त दिनु होस् ।

उनले बैङ्कमा निवेदन दिए । परीक्षामा उत्तीर्ण पनि भए र जागिर पनि पाई हाले । जागिरे भएको आठौं दिनमा भैरहवाबाट बुटवल फर्कदा दुर्घटना भै हाल्यो .... ईला चुप लागिन । आँखाबाट अविरल आँशु झरिरहेका थिए ।

गुरू एक छिन चुप लागेर बस्नु भयो । ईला आँशु झारिरहिन । केही समयपछि गुरुले भन्नु भयो– सुकमारी ईला ! किरणको भोग त्यतिनै थियो । त्यो भन्दा पर थिएन । दुर्घटना मात्र निमित्त थियो ।

ईला चुप लागेर सुनी रहिन ।

गुरु भन्दै हुनु हुन्थ्यो– यो संसारमा हामीले चाहेर केही हुने वाला छैन । यो संसार यौटा नाटक मञ्च हो । हामी त्यसका पात्र हौं । पात्रको मञ्चनको समयावधि हुन्छ । समयावधि पछि पात्र नाटक मञ्चबाट विलिन हुन्छ । बस त्यत्ति मात्र हो ।

ईला शान्त सुनो रहिन् । गुरुबाट आज्ञा भयो– हाम्रो पनि समयावधि तोकिएको छ । हामीले मञ्चन गर्ने भूमिका बाँकी छन् । त्यसैले हामी एक अर्काका समिप छौं । भगवान सबैका यौटै हुन् । उनले सबैलाई प्रेम गर्छन् । प्रेमको पर्यायवाची शब्द भगवान हो । त्यसैले सबैलाई प्रेम गर । तिमीलाई भगवानले प्रेम गर्छन् । तबसम्म ईलाका आँखा सुकी सकेका थिए । गुरुवचनको प्रभाव उनमा परिरहेको थियो । सबैलाई माया गर– तिमीलाई भगवानले माया गर्छन् । यत्तिकैमा शीला दिदी आइन् र भनिन्– ईला ! आजको समय सकियो । पाँच दिनसम्म ठीक आजकै समयमा गुरुबाट तिमीलाई मन्त्रणा हुनेछ । अब हिंड ।

ईला उठिन् । दुवैले गुरुलाई प्रणाम गरे । पवित्र कक्षबाट दुवै ईलाको कोठामा आए । केही समय पछि भोजनको समय भयो । दुवै भोजन कक्षमा आए र भोजन पछि आ-आफ्नो कोठामा गए ।

ईलालाई यो संप्रदाय राम्रो लाग्यो । गुरुबाट दिनहुँ प्रवचन हुन्थ्यो । मर्यादापुरूषोत्तम राम, कृष्ण, गौतम बुद्ध, महावीर जैन, ईसा मसिह, हजरत मुहमद, गुरु नानकदेव, कन्फुसियस र जरथुष्ट्र आदिले मनुष्य जातीको पाप रहित जीवन यापनको लागि गरिएका महान उद्देश्यहरू सरल र मीठो भाषामा प्रवचन गर्नुहुन्थ्यो । ईलालाई गुरु प्रति आदरभाव थियो । त्यस माथि भगवानको सरल परिभाषाले झन आदर बढाइ दियो ।

ईलाले पाँचौ दिनसम्म लिनुपर्ने गुरु मन्त्रणा समाप्त भै सकेको थियो । एक दिन मध्यान्हको प्रवचन पछि पन्थमा रहेका कन्याहरू एक आपसमा कुरा गरिरहेका थिए ।

यौटी कन्या भनिरहेकी थिइन्– भगवानको कृपा भए हाम्रो कोठामा भएको गुरुको तस्वीर साँच्चिकै सजिव हुन्छ रे !

अर्कीले भन्दै थिइन्– सुनेकी त छ तर आजसम्म मैले यो घटनाको अनुभव गर्न पाएकी छैन ।

सबैमा प्रेम गर तब मात्र तिमीले यो सुखद प्रितको अनुभव गर्न साम्य हुन्छ्यौं । तेस्रीले भनिन् ।

तर तिमीलाई सङ्केत हुन्छ चौथीले भनिन्– गुरुको फोटो अगाडि गुरु आसन हुनेछ । त्यो रात तिमीलाई गुरुको दर्शन भगवान्‌को रूपमा हुनेछ । तिम्रा अनिच्छाहरू इच्छामा परिणत हुनेछन् । आफूलाई धन्य ठान्ने छौं । ईलालाई लाग्यो मानौ यिनले साक्षात्कार गसिकेकी छिन् ।

करिब छ महिना भैसकेको थियो ईला यहाँ आएको । नित्य सबेरै उठ्नु । नित्यकृया पछि भगवानको स्मरण बस्ने दिनको एक बजे पछि गुरूको प्रवचन सुन्ने । साँझको आरती पछि पुनः आ-आफ्नो कोठामा भगवान स्मरणमा बस्ने । साँझ आठ बजेको भोजन पछि आराम गर्ने ।

एक साँझ भोजन पछि कोठामा फर्कदा ईलाले गुरुको फोटो अगाडि गुरुआसन देखिन् । उनलाई अचम्म लाग्यो । कता कता आङ्ग सिरिङ्ग भएको अनुभव भयो ।

ईलाले ढोका बन्द गरिन् । चुकुल लगाइन् । आरामको लागि पलङ्गमा पल्टिन् । निकै बेरसम्म निद्रा लागेन । आज गुरुआसनले मन खलबल भएको थियो । मन अशान्त भएको थियो । तर कुन बेला निद्रा लाग्यो पत्तै भएन ईलालाई ।

ईलालाई लाग्यो कोही कानमै आएर उनलाई मायालु स्वरमा बोलाउँदै छ– ईला ! ईला !

ईलाले नचाहँदा नचाहँदै पनि आँखा खोलिन् । अचम्म ! साक्षात गुरु उनको पलङ्गको छेउमै उभिएर उनलाई बोलाउँदै थिए । ईलालाई विश्वासै भएन । उनले आँखा मलिन् । तर यो यथार्थ थियो । गुरु उनको पलङ्गसँगै थिए ।

कृष्णरूपका गुरुले दुवै हात फैलाउँदै भने– कन्या ! कस्तो अनुभव भैरहेको छ ? ईला बोल्ने स्थितिमै थिइनन् । कोठामा रहेको सानो रातो बत्तीको मधुर प्रकाशमा ईलाले गुरु आफ्नो पलङ्गमा आफू माथि घोप्टो परेको अनुभव गरिन् ।

ईलाले गुरुको प्रतिरोध गरिन् । तर गुरु हृष्ट–पुष्ट र बलिष्ठ हुनुहुन्थ्यो । आज्ञा भयो– सबैमा प्रेम गर !

अनि ईलाका रसिला र कोमल ओठमाथि गुरूका अगुल्टा जस्ता ताता औंठ बलात् रगडिए ।

ईलाको केही जोड चलेन । ईलाका कोमल शरीरका प्रत्येक अङ्ग अङ्गका रसहरू गुरुले चुस्नु भयो । चुसिरहनु भयो । ईला गुरुको बलिष्ठ भुजाभित्र छटपटाई रहिन् । छटपटाई रहिन् ।

केहि समयपछि 'तथास्तु कन्या !' भन्दै गुरु बाहिरिनु भयो । ईला आँशु झार्दै उठिन् । तर एक्कासी आँशु रोकिन् । मन मनले सम्झिइन्– आँश शक्ति हो ! अनि कोठाको बत्ती बालिन् । एक छिन केहि सोंची रहिन् । यौटा कठोर निर्णयमा पुगिन् ।

कोठामा रहेको फलफूल काट्ने धारिलो छुरी हातमा लिइन् र गुरुको भब्यकक्ष तिर दृढ मनका साथ लम्किन् ।

## हरिभक्त कटुवालका तीन कविताहरू

### जीवनः एक दृष्टि

घरि-घरि हावा भरिरहनुपर्ने
'पंक्चर' भएको–
'बाइसिकल' यो 'ट्यूब' जस्तो जीवन
कति टिठलाग्दो छ !
टाल्यो-उप्किन्छ
उप्किन्छ-टाल्यो
टाल्दा-टाल्दै टाल्ने ठाउँ नै हराइसक्छ
र पनि नटाली धरै छैन,
नगुडी चक्कालाई सुख छैन ।
गुड्दा-गुड्दै जब असंख्य भ्वाङ पर्छन्–
टाल्नै नसकिने, 'ट्यूब'मा
अनि त्यो फ्याँकिन्छ-निदर्यतापूर्वक
'डष्टबिन' मा वा कुनै नालमा !!
घरि-घरि हावा भरिरहनुपर्ने
'पंक्चर' भएको–
'बाइसिकल'को 'ट्यू' जस्तो यो जीवन
कति टिठलाग्दो छ ।

### रहर

बा, पाठशाला जान्न म
इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरूको ।
खिया लागेका कलका पुर्जाहरू जस्तै
गणितका सूत्रहरू पनि साह्रै पुराना भइसके
रहर छैन मलाई बाँचिदिने
केवल इतिहासका पानाहरूमा,
इतिहासको गतिलाई उछिनेर
इतिहासभन्दा बढी अरु केही भएर
त्यसैले बा, पाठशाला जान्न म
इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरूको
फ्रेम हालेर राख्ने आदर्शभन्दा
भोग्न सकिने आदर्श मलाई राम्रो लाग्छ
बनिसकेको बाटामा हिंड्नभन्दा
बाटो बनाउँदै हिंड्न रहर लाग्छ ।
इतिहासका ठेली होइन
एउटा कोदालो चाहिन्छ मेरो पाखुरालाई
योजना होइन
पैतालाले नाप्नु छ मैले प्रत्येक अग्ला टाकुरालाई
र गर्नु छ भुक्तान जम्मै
धरतीले बोकाएका ऋणहरूको
बा, पाठशाला जान्न म
इतिहास पढाइन्छ त्यहाँ मरेका दिनहरूको ।

### आकाशले मेरो बाटो छेक्छ

एक्लै जब म हिंडिरहेछु
अग्ला होचा सडक-सडकमा
मलाई लाग्छ- आकाशले मेरो बाटो छेकिरहेछ
मैले उचालेका पाइला-पाइलामा तेर्सिएर,
मेरा अभ्यस्त खुट्टा आकाश छिचोल्न व्यग्र हुन्छन् ।
म आकाश छिचोल्छु, अनि देख्छु–
आकाश मभित्र पसिरहेछ
मैले श्वास लिने प्वाल-प्वालबाट मैन झैं पग्लिएर
र अनायास म छटपटाउँछु,
चिच्याउँछु–
'आकाश मभित्र अट्दैन
आकाश मभित्र अट्दैन',
म त सानो मान्छे–एकदम सानो
धरतीमा एउटा बिन्दु मात्र
आकाश मभित्र अट्दैन ।
तर आकाश सुन्दैन
उल्तै पसिदिन्छ मभित्र
मेरा सुन्ने कानका प्वाल-प्वालबाट
मलाई नै बहिरो पारेर ।
एक्लै एक्लै जब म हिंडिरहन्छु
अग्ला होचा सडक-सडकमा
मलाई लाग्छ– आकाशले मेरो बाटो छेकिरहेछ
मैले उचालेका पाइला-पाइलामा तेर्सिएर ।

# नागपञ्चमी र नागपूजा



श्रावण शुक्ल पञ्चमीका दिन सर्पपूजाको रूपमा वैदिक हिन्दू सनातनीहरूले सर्मत नागपञ्चमी पर्व मानउने गर्दछन् । घरको मूलढोकामा सर्पका चित्र टाँस्ने यो चलन पानीबाट हुने विपत्ति टार्न गरिएको मानिन्छ । नागलाई वर्षाको देवता मान्ने धारणाको रूपमा मात्र नभई नागर रिसाए पानीको मूल सुक्ने, मानिसको जिऊ दुख्ने र बाढी पहिरो जाने हुन्छ भन्ने लोक विश्वास छ । शिवको गहना, विष्णु शैय्या, दैवीको हतियार आदि रूपमा नागलाई लिइन्छ । एक अर्को मतअनुसार यो पर्व नाग जातिले आफ्नो वंश कीर्तिका निम्ति सुरु गरेको महोत्सव थियो र त्यसकै अवशेष हो ।

प्राचीन समयमा नागवंशी अनार्य जातिले राज्य चलाएको र उनीहरूका विरुद्धमा आर्य यादवहरूले लडेको युद्ध विफल भए पछि गरिएको सम्झौता अनुरूप नाग जातिको अस्तित्व बोधक उत्सवका रूपमा यो पर्व मनाइँदै आएको हो भन्नेहरू पनि छन् । हाल नागपञ्चमी कुनै जाति विशेषको चाड नभई सबै नेपालीको साझा पर्व बन्न पुगेको छ र नेपाललगायत भारतमा समेत नागपूजाको चलन चलेको छ ।

नेपालका धेरै जातिले नागपूजा गर्ने गर्दछन् । नागलाई पानीको देवता मान्ने संस्कारले गर्दा नाग पञ्चमीमा नाग टाँस्ने र पूजा गर्ने चलन प्रायः सबै जातिमा पाइन्छ । तामाङ जातिमा ङ्याम्बु पूजाको रूपमा प्रचलित नाग पूजा मगर, गुरुङ, नेवार, क्षेत्री, ब्राह्मण सबैमा पाइन्छ । पूजा गर्ने दिन भने फरक देखिन्छ । पूजा विधि र प्रसाद चढाउने कुरामा भिन्नता छ । थारू जातिमा नाग पञ्चमीलाई गुडिया पर्वको नामबाट मनाइन्छ ।

दाङका थारूहरू भने घरको उत्तरपूर्वी कुनामा फलामे नाग राखी पूजा गर्दछन् । अन्यत्रका थारूहरूका घरमा नाग पूजा गरिँदैन तर दूध र भिजाएको चना घर गोठ इनार र देवीस्थान लगायत सबैतिर चढाइन्छ । कन्याकेटी भएको घरमा ससाना गुडिया पुतली बनाएर केराको मचेटालाई डोली बनाएर फूलपाती सजाएर नजिकैको नदी वा तलाउमा लगि सेलाइन्छ र फर्केपछि घुघरीको प्रसाद खाइन्छ । गाना बजानाका साथ मनाइने यो उत्सवको अभिप्राय रोगब्याधी, भूतप्रेत र बोक्सी जस्ता अनिष्ट तत्त्वलाई गुडिया रूपमा सेलाएको जनविश्वास थारू जातिमा रहेको छ । मीठो खाने परम्परा त छँदैछ । नागपूजाको प्रचलन दक्षिण एसियामा आर्य-खस संस्कृतिको वर्चश्व कायम हुनुअघिदेखि नै सुरु भएको मानिन्छ । प्रकृतिपूजक अनार्यहरूद्वारा प्रारम्भ गरिएको भए पनि नागपूजालाई शैव, शाक्त, हिन्दू, बौद्ध सबैले अँगालेका छन् ।

कोही आफ्नो कुल पितृ सम्झँदा नागपूजा गर्दछन् त कोही विशेष धूपधूवाराँ गरी 'लागो पन्छाउने' क्रममा पूजा गर्दछन् । दाङका थारूहरूले आफ्नो घरको उत्तरपूर्वी कुना इसान कोणमा फलामको नाग बनाएर पूजा गर्दछन् । अरु अरुले नाग पञ्चमीमा सर्पको चित्र ढोकामा टाँसेर नागपूजा गर्ने गरको पाइन्छ ।

(विष्णु प्रभात लिखित 'प्रज्ञा संस्कृति कोश'बाट)

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

# आर्किमिडिजको अन्त्य

कन्हैया नासननी

आजभन्दा दुई हजार दुई सय तेह्र वर्ष पहिलेको कुरा हो, सिसिलीको राजधानी शिराक्युज नगरीमाथि रोमनहरूले आफ्नो झण्डा फहराए । तीन वर्षसम्मको लगातार लडाइँबाट थाकेका रोमन सिपाहीहरूले चैनको सास फेरे । सिसिलीका सेनाले आफ्ना शत्रुसमक्ष आत्मसमर्पण गरे । अकस्मात रोमन सेनापति मार्सेलसको आदेश जारी भयो– "शिराक्युज नगरवासीहरू सबै एउटै ठाउँमा जम्मा हुने र लाम लाग्ने ।"

नगरवासीहरूमा आदेश नमान्ने हिम्मत भएन । तिनीहरू सबैले त्यसै गरे । सेनापति मार्सेलस समुद्रको किनारमा जहाजको मस्तुलनेर उभिरहेका थिए । लाम लागेर एक-एक हुँदै नजिकैबाट गुज्रेका प्रत्येक नगरवासीलाई उनले नियालेर हेरे । उनले आखिरसम्म पनि आफूले खोजेको अनुहार फेला पार्न सकेनन् । अन्त्यमा आफ्नो नजिक उभिएका सिपाहीलाई उनले सोधे– "खोइ, आर्किमिडिज त देखा परेनन् नि ?"

"हजुर ! प्राणदण्डको डरले घरबाट ननिस्केका होलान् । कतै लुकेर बसेका पो छन् कि ?" सिपाहीले जवाफ दिए ।

मार्सेलसको सिपाहीलाई आँखा तरेर हेरे र भने– "कति अबुझ छौ तिमीहरू, आर्किमिडिजजस्तो मान्छेलाई प्राणदण्ड हुँदैन । आर्किमिडिजजस्तो मान्छे बरु मर्न तयार हुन्छ, तर स्यालजस्तो लुकेर बस्नै सक्तैन । अवश्य पनि कुनै कारण हुनुपर्छ । अफसोच छ, तीन वर्षको लामो लडाइँपछि पनि तिमीहरूले केही सिकेनौ । जाऊ, आर्किमिडिजलाई खोज, पत्ता लगाऊ र मकहाँ लिएर आऊ ।"

सिपाही गएपछि मार्सेलस जहाजभित्रको आफ्नो कोठामा पसे । सिपाहीलाई उनले भनेको कुरा साँचो थियो । निश्चय नै आर्किमिडिज उनका शत्रु भए पनि एक कुशल वैज्ञानिक थिए । विज्ञानको क्षेत्रमा उनी सिसिलीमा मात्र होइन, भूमध्यसागर आसपासका अरू देशमा समेत प्रसिद्ध थिए । आलेक्जान्द्रिया नगरीमा शिक्षा हासिल गर्न जाँदा त्यहाँका विद्वान्‌लाई उनले आफ्नो बुद्धिमत्ता र प्रतिभा देखाउने मौका पाएका थिए । त्यसले गर्दा वैज्ञानिकका रूपमा उनी मिश्र देशभरि प्रसिद्ध भए ।

शत्रु वैज्ञानिक आर्किमिडिजबाट आफ्नो सेनाले पाएको दुःख र कष्ट मार्सेलसले बिर्सन सकेका थिएनन् । एकपटक नगरको बाहिर किल्लाको टुप्पामाथि छेउमा अङ्कुश भएको फलामको अजङको डन्डी देखा पर्‍यो । रोमन सिपाहीले भय र आश्चर्यले त्यो अचम्मको वस्तु हेरिरहे । तिनीहरूले हेर्दाहेर्दै अचम्मको वस्तुको छेउ अगाडि बढ्यो र तिनीहरू भएको एउटा जहाजलाई पानीको सतहबाट उचालेर तुर्लुङ्ग माथि झुन्ड्यो । जहाजभित्र हाहाकार मच्चियो, तर तिनीहरूलाई धेरै बेर त्यो अवस्थामा रहनुपरेन । पेन्डुलमजस्तै एकछिन हल्लेर जहाज समुद्रमा खस्यो र डुब्यो । अर्को एउटा जहाजलाई पनि त्यसरी नै उठाइयो र जोडसँग चट्टानमा ठक्कर खुवाएर चकनाचुर पारियो । यी सबै आर्किमिडिजकै करामत थिए ।

"घिर्नी"को सिद्धान्तअनुसार दुई छेउमध्ये एकको भारवहन क्षमता धेरै गुणा बढाउन सकिन्छ । शत्रु वैज्ञानिकले यही सिद्धान्तको आधारमा यन्त्र बनाएको हुनुपर्छ । उनीहरू त्यही यन्त्र प्रयोग गरी हाम्रो क्षति पुर्‍याउन सफल भएका हुन् ।"

आफूलाई घेरिरहेका इन्जिनियरको कुरा सुनेर मार्सेलसलाई दिक्क लाग्यो । निधारमा गाँठो पारेर गम्भीर भई उनले भने– "तिमीहरूको कुरा साँचा हो, तर तिमीहरूचाहिँ यस किसिमका यन्त्र बनाउन किन सक्दैनौ ? मलाई तर्क होइन यन्त्रको आवश्यकता छ, शस्त्रअस्तको आवश्यकता छ ।"

तर रोमन इन्जिनियरले जतिसुकै कोसिस गरे पनि त्यस किसिमको यन्त्र बनाउन सकेनन् । बरु केही दिनपछि तिनीहरूले हेर्दाहेर्दै सूर्यको किरण पालमा पारेर एउटा जहाज ध्वस्त हुने गरेरै जल्यो । त्यस बेला पनि तिनीहरूको अन्दाज त ठीकै थियो– शत्रु वैज्ञानिकले शक्तिशाली लेन्सबाट जहाजलाई फोकसमा पारी सूर्यको किरण छिराए । त्यसबाट आगो उत्पन्न भयो र जहाज जल्यो ।

आर्किमिडिजलाई खोज्न मार्सेलसले पठाएको सिपाहीलाई पनि त्यस्ता क्षतिका विषयमा राम्रोसँग थाहा थियो । आतुर थियो ऊ– आर्किमिडिजलाई पक्रेर लगी आफ्नो सेनापतिलाई बुझाउन र स्याबासी पाउन ।

उसले आर्किमिडिजको घर पत्ता लगायो । मूल ढोका खुलै थियो । ऊ भित्र पस्यो । खोज्दै जाँदा एउटा कोठामा उसले आर्किमिडिजलाई फेला पार्‍यो । आर्किमिडिज ढोकातिर पिठ्यूँ फर्काई निहुरेर बसिरहेका थिए । उनी आफ्नो अघिल्तिर भुइँमा कोरिएका रेखागणितका चित्रहरू नियालेर हेरिरहेका थिए । रोमनहरूको हातमा शिराक्युज परिसकेको र त्यसका राजा हियरोलाई रोमनहरूले बन्दी बनाएको उनलाई थाहा थिएन ।

"सेनापपित मार्सेलसले तपाईँलाई बोलाउनुभएको छ, जाऊँ !" सिपाहीले ढोकाबाटै ठूलो स्वरमा भन्यो ।

आर्किमिडिजले पछाडि को उभिरहेछ थाहा पाउन कष्ट गरेनन् । फर्केर नहेरीकनै उनले जवाफ दिए– "नकराऊ, नकराऊ, जाऊ खुरुक्क ! म आउन सक्तिनँ । देख्दैनौ, मलाई फुर्सद छैन । म एकदमै व्यस्त छु ।"

"रोमन सेनापति मार्सेलसको आज्ञाको अवहेलना ! यो त हद भयो ।" अगाडि बढेर सिपाहीले आर्किमिडिजको हात समात्यो ।

झट्कारेर आर्किमिडिजले आफ्नो पाखुरा फुत्काए । रिसले अन्धो भयो सिपाही । उसले तुरुन्तै म्यानबाट तरबार निकाल्यो । आर्किमिडिजको बूढो, कमजोर शरीरमाथि प्रहार गर्‍यो ।

आर्किमिडिजको शरीरबाट रगतको भल बग्यो । उनी बेहोस भए र भुइँमा आफैँले खिचेका रेखागणितका चित्रमाथि घुप्लुक्क ढले ।

(नासननीको 'मार्मिक सम्झनाहरू' बाट)

# तीज गीत 'हाइ मेरो मायालु' सार्वजनिक




बुटवल । गायक नारायण बीपी परियार र गायिका विष्णु श्रीपालीले नयाँ तीज भाका 'हाई मेरो मायालु' बजारमा ल्याएका छन् ।

पछिल्लो समय तीज गीत भड्किलो र मौलिकता नै मासिने खालको आएका भन्दै आलोचना भैरहेका बेला मौलिक संस्कृति संरक्षण गर्दै दर्शक र श्रोतालाई फरक मनोरञ्जन दिने गरी गीत ल्याएको गायक परियारले बताए । गीत तथा म्युजिक भिडियोको शुक्रबार एक समारोहका बीच विमोचन गरिएको हो ।

शिव हमालको लय तथा शब्दमा रहेका गीतले दर्शक श्रोताको माया पाउने गायक परियारले विश्वास व्यक्त गरे । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान लुम्बिनी प्रदेशका अध्यक्ष गायक दिपु मगरले गीतको म्युजिक भिडियो विमोचन गर्दै सफलताको शुभकामना व्यक्त गरे ।

गीतमा  शिव खनाल, कल्पना परियार र सोनी सुनारले स्वरमा साथ दिएका छन् । स्मृति मिमिल्सिनाको निर्देशन तथा कोरियोग्राफीमा तयार पारिएको म्युजिक भिडियोमा कलाकार रायन बस्याल र सोनी सुनारको अभिनय रहेको छ । नविन घर्ती मगरको सम्पादन रहेको भिडियोको छायाँकन अजय रेग्मीले गरेका छन् । म्युजिक भिडियो गायिका विष्णु श्रीपालीको यूटुव च्यानलमा हेर्न तथा सुन्न सकिने गायिका श्रीपालीले बताइन् ।

# आरम्भ चौतारी लघुवित्तको रक्तदानमा १४६ पिन्ट रगत संकलन




बुटवल । आरम्भ चौतारी लघुवित्त वित्तीइ संस्था लुम्बिनी प्रदेश कार्यालयले गरेको रक्तदानमा १४६ जनाले रक्तदान गर्दै १४६ पिन्ट रगत संकलन भएको छ ।

प्रदेश कार्यालयको आयोजनामा बुटवल, तिलोत्तमा, लुम्बिनी तथा नेपालगन्ज गरी ४ स्थानमा गरिएको रक्तदान कार्यक्रममा संस्थाका कर्मचारी, सेवाग्राहीलगायत १४६ जनाले रक्तदान गरेका थिए । रक्तदान कार्यक्रमको उद्घाटनका क्रममा संस्थाका लुम्बिनी प्रदेश प्रमुख अमरनाथ सेढाई, सञ्चालक केशवराज पन्थी, पूर्व सञ्चालक गोपालप्रसाद बस्याल, संस्थाका कार्यक्रम अधिकृत गीता राउत, भगवती खरेल, दीपा ज्ञवालीलगायतले बोल्दै संस्थाले सामाजिक उत्तरदायित्वअन्तर्गत रक्तदानलगायतका विभिन्न रचनात्मक कामहरु गर्दै आएको चर्चा गरेका थिए । कार्यक्रममा रक्त सञ्चार केन्द्र भैरहवाले प्राविधिक सहयोग गरेको थियो ।

संस्थाले शुक्रबार देशव्यापीरुपमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ ।

जीवन

# उपन्यास लेख्न जन्मिएका बाल्जाक

प्रा. राजनारायण प्रधान

समरसेट मम भन्छन्– संसारका सर्वश्रेष्ठ उपन्यासकार हुन् बाल्जाक तर सर्वश्रेष्ठ उपन्यास हो टाल्स्टायको 'वार् एन्ड पिस्' । बाल्जाकले ४२ वर्षको उमेरसम्ममा १०० वटा पुस्तक लेखिसकेका थिए । तिनमा ७४ वटा उपन्यास छन् जसमा २००० पात्रहरू चलमल गर्छन् । उनी लगातार सोह्र घण्टासम्म लेख्न सक्थे । लेख्न थालेपछि तीन चार दिन बाहिर जाँदैनथे । सर्दीले औंला सुनिन्थे, गरम लुगा नभएर थरथर काम्दै बस्थे । सैं पैसाको खनखाँचो । ऋणले टुपी बिक्न लागेको थियो । साहुहरूले उनको खेदो गर्थे । बाल्जाक बकुल्लाको ध्यान लगाएर उपन्यास लेखेको लेखेकै गर्थे । उनले अन्तहीन यन्त्रणा सहे ।



बाल्जाकको जन्म सन् १७९९ मा फ्रान्सको टूरमा भएको थियो । बाबुभन्दा आमा ३१ वर्ष कान्छी थिइन् । आमा थिइन् आकर्षक र जीवन्त । उनले बाल्जाकको जीवनमा ठूलो प्रभाव पारेकी पारिन् । बाबु मोटो घाटा थिए । बाल्जाक पनि त्यस्तै । रातापीरा साँढेको जस्तो गर्दन । स्कूलमा ती त्यति चम्कन सकेनन् । कलेजमा पनि त्यस्तै । गुरुहरूले उनलाई मूर्ख ठान्थे । उनी पुस्तकालयमा गएर घण्टौं पढ्थे । पेरिसमा बसेर कानुन पढ्न थाले । अब लेखक बन्ने विचार गरे । तर पैसा नभएर फिटीफिटी पर्थे । बाबुले दुई वर्षसम्म ठेल्ने वचन दिए । उनी रातदिन कठोर परिश्रम गर्थे । अब धमाम लेख्न थाले । राती ८ बजे सुत्थे र राती १२ बजे उठेर सोह्र घण्टा लगातार लेख्थे । बीच-बीचमा कफी खान्थे । बिहान ८ बजे प्रकाशकहरू उपन्यासका पाण्डुलिपि लिन आउँथे । उनले पहिले नै बैना लिएर हुन्थे । उनी १०-२० पल्ट पाण्डुलिपि सच्याउँथे । प्रुफहरू घरिघरि काँटछाँट गर्थे, वाक्य-वाक्य फेर्थे र प्रकाशकहरूलाई धुरुक्क पार्थे ।

तर बाल्जाकले साहित्यबाट धन कमाउन सकेनन् । अब व्यापार गर्ने विचार गरे र एउटा धनी मानिसलाई बिन्ती गरीवरी प्रकाशन संस्था खोले । तर प्रकाशन संस्था चलाउन सकेनन् । फेरि उही नी मानिसका भाइले छापाखाना खोलिदिए । त्यसमा पनि फेला खाए । सधैं उनी हरितन्नम । टाउकाभरि ऋण बोके ।

बाल्जाकले मादाम द बेरनीलाई भेटे र प्रेममा चुर्लुम्म डुबे । बेरनी बाल्जाकभन्दा २२ वर्ष जेठी थिइन् अनि नौ जना नानीकी आमा । बेरनीले उनलाई असाध्य माया गर्थिन्, आर्थिक सहायता पनि दिन्थिन् । उनी तीस वर्षको उमेर पुग्दा उनका उपन्यासहरूमा आलोचकहरूका नजर परे । उनले बीस वर्ष लगातार उपन्यास र कथाहरूको विराट संग्रह लेखे जसलाई उनले 'ह्यूम्यान कमेडी' भने । कुनै पनि उपन्यासकारले यति योजना बनाएका थिएनन्, यति धेरै उपन्यास लेखेका थिएनन् । हेनरी जेम्सले भने– " 'ह्यूम्यान कमेडी'को मूलस्वर नारी हो । पुरुषहरूलाई झिकिदिए छिद्रहरू देखापर्छन् तर नारीहरूलाई झिकिदिए सम्पूर्ण ढाँचा नै ढल्छ ।" उनले यथार्थवादलाई जन्म दिए । उनका निम्ति यथार्थ नै मूल कुरा थियो । उनी फ्रान्सका सबै किसिमका मानिसको जीवन चित्रित गर्न चाहन्थे । उनले बुढो र तन्नेरी, धनी र गरीब, मध्यवर्ग, अभिजातवर्ग, श्रमिकवर्ग, चित्रकार, साहित्यकार, वकील, पुरोहित आदिको विषयमा लेखे । उनमा असीम कल्पनाशक्ति र मानव स्वभावको तीक्ष्ण समझ थियो । उनका उपन्यासका मुख्य विषय छ पैसा अनि उनका मुख्य पात्रहरू, लेखकजस्तै, पैसा र सामाजिक प्रतिष्ठाको खोजमा हुन्छन् । 'उजेनी ग्राँदे'मा पनि पैसाकै कुरा छ । उनले हाड घोटी साहित्यको सेवा गरे । सधैं लेख्नमा व्यव्त, पैसा उडाउनमा मस्त अनि टुपीभरि ऋण बोके । उनले जिन्दगी जिउने समय नै पाएनन् । लर्ड हाटफोर्ड पेरिसमा बस्थे । हाटफोर्डले बाल्जाकलाई भेट्न चाहन्थे । बाल्जाका साथीले भने– "बाल्जाकलाई भेट्न गाह्रो छ, दिनमा हत्तपत्त हिंड्दैनन्, ऋण धेरै भएर जेलमा हाल्छ भनेर । उनी बेलुकी मात्र बाहिर निस्कन्छन् ।"

हाटफोर्डले भने– "जेल ? कति बाँकी छ उनको ?"

"धेरै" साथीले भने, "शायद ४० हजार फ्रान्क वा ५० हजार वा अझ बढी ।"

"उनी आए भने म ऋण तिरिदिनेछु ।"

हाटफोर्डले यो वचन दिए तापनि उनले बाल्जाकलाई भेट्न सकेनन् । उनी हुर्दुङ्गे थिए । मुरीमुरी पैसा कमाउन र पैसा पानीजस्तो बगाउन चाहन्थे ।

बाल्जाकका उपन्यासहरू फ्रान्समा साह्रै लोकप्रिय भए । उनका उपन्यास पढेर विशेष गरी नारीहरू मोहित हुन्थे र उनलाई प्रेमपत्र पठाउँथे । २८ फरवरी १८३२को दिन रुसबाट एउटी युवतीको पत्र आयो । पत्रमा बाल्जकका कृतिको प्रशंसा गर्दै युवतीले प्रणय-निवेदन पनि गरेकी थिइन् । पत्र पढेर बाल्जकले ती अज्ञात युवतीलाई पत्र लेखे– "मेरी अपरिचिता, म तपाईंलाई प्रेम गर्छु । म एक दरिद्र कलाकार हुँ जसले धन र यशको चिन्ता नगरेर केवल प्रणयको याचना गर्छ ।"

बाल्जाककी यी प्रणयिनीको नाम थियो मादाम हान्स्का । उनका पति उनीभन्दा २५ वर्ष जेठा थिए र रोगग्रस्त पनि । परिचय बढ्दै गएपछि बाल्जाकलाई रुस आउने अनुरो गरिन् । चार दिनको लामो सफरपछि उनी रुस पुगे र आफ्नी प्रेमिकालाई भेटे । उनी कति खुशी भए त्यो वर्णन गरेर साध्य छैन । पछि बाल्जाकले आफ्नो प्रसिद्ध उपन्यास उजेनी ग्राँदे उनैलाई समर्पित गरे । यसमा गाउँकी एउटी केटीको करुण कथा छ । उजेनीको चरित्र धेरै माथि उठाइएको छ जसबाट लेखकले सामाजिक खराबीहरूमा व्यंग्य कसेका छन् ।

१८ नोभेम्बर १८४१ को दिन उनले हान्स्काको पत्र पाए । त्यसमा उनले उनका पतिको स्वर्गवास भएको कुरा लेखेकी थिइन् । उनले हान्स्कालाई पत्र लेखे– "आजदेखि तपाईको जीवन सम्पूर्ण रूपले मेरो भयो ।" तर हान्स्काले यो कुरा स्वीकार गरिनन् । बाल्जाकले चिठी लेखिरहे प्रणय याचना गरिरहे । अन्तमा हान्स्काले उनलाई सेन्ट पीटर्सबर्गमा बोलाइन् । बाल्जाक खुशीले गद्गद् भए । आठ वर्षपछि उनले आफ्नी प्रेमिकालाई खुल्लासँग भेट्न पाए । हान्स्का सातजना नानीको आमा थिइन् तैपनि कति आकर्षक र स्नेहमयी । उनी अत्यन्त धनी थिइन् । हान्स्कालाई बिहे गरें भने मेरो दुःख कष्ट हराउँछ भन्ने बाल्जाकले सम्झेका थिए । भेट भएको १८ वर्षपछि १८५०को मार्चमा उनीहरूले बिहे गरे ।

तर यो सुख सौभाग्य धेरै दिन रहेन । विवाहपछि उनको स्वास्थ्य बिग्रँदै गयो । अन्तमा १७ अगस्ट १८५०मा यूरोपका यी तेजस्वी मनस्वीले इहलीला समाप्त गरे । मर्ने बेलामा उनले एउटा इच्छा प्रकट गरे । उनले डा. बिशाओलाई डाकिदिनु भने । वास्तवमा डा. विशाओ उनको एउटा उपन्यासको पात्र थियो । अन्तमा आफ्नै कल्पनालाई उनले यथार्थ ठानेका थिए ।  बाल्जाकको मृत्युमा भिक्टर ह्यूगोले भने– "जब यस्ता चेहराहरू अदृश्य हुँदै जान्छन् तब सारा राष्ट्र काम्न थाल्छ ।"बाल्जकको जीवन छोटो थियो तर थियो भरपूर ।

('तीस साहित्यिक प्रतिभा'बाट)

# पहिरोमा ज्यान गुमाएका परिवारलाई ६ लाख हस्तान्तरण

गुल्मी । जिल्लाको मुसिकोट नगरपालिका-१ स्थित बिसौनामा मङ्गलबार पहिरोमा परी मृत्यु भएका विक परिवारलाई राहत रकम हस्तान्तरण गरिएको छ । जिल्ला विपद् व्यवस्थापन समिति गुल्मीका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद शर्माको नेतृत्वमा गाउँमै पुगेर शुक्रबार मृतकका परिवारलाई रु छ लाख रकम हस्तान्तरण गरिएको हो ।

प्रमुख जिल्ला अधिकारी शर्माले सङ्घीय सरकारको विपद् व्यवस्थापन कोषबाट प्राप्त राहत रकम मुसिकोट नगरपालिका प्रमुख जीवलाल खरेल, उप-प्रमुख गङ्गा श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत चेतनाथ गिरी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखसहित स्थानीयको उपस्थितिमा मृतकका परिवारलाई उक्त रकम हस्तान्तरण गरेका हुन् ।

प्रमुख जिल्ला अधिकारी शर्माले शोकाकूल परिवारलाई भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भन्दै सङ्घ सरकार र प्रदेश सरकारबाट उपलब्ध हुने सबै प्रकारका सुविधा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

मुसिकोट नगरपालिका प्रमुख जीवलाल खरेलले पालिकाबाट मृतकका परिवारलाई किरिया खर्चबापत रु एक लाख उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै घाइतेको सम्पूर्ण उपचार खर्च नगरपालिकाले व्यहोर्ने बताएका छन् । उनले पीडित परिवारका लागि किरियाबाट निस्केपछि पुनःवासको व्यवस्था मिलाउने उल्लेख गरे ।

पहिरो पीडित परिवारलाई जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय नगरपालिका, जिल्ला प्रहरी कार्यालय एवं गुल्मी उद्योग वाणिज्य सङ्घबाट टेण्ड, त्रिपाल, लत्ताकपडा, खाद्यान्नलगायत सामग्री उपलब्ध गराइसकिएको प्रमुख जिल्ला अधिकारी शर्माले जानकारी दिए ।

यसअघि गत असार १४ गते मालिका गाउँपालिका-६ स्थित कँडेलपाटामा गएको पहिराबाट मृत्यु भएका परिवारलाई पनि जिल्ला विपद् व्यवस्थापन समिति गुल्मीबाट रु ११ लाख राहत रकम हस्तान्तरण गरिएको थियो । पहिरोका कारण उक्त ठाउँका १५ घरपरिवार विस्थापित बनेका छन् ।

नेतृत्वको...

### गुटको लडाइँ मात्रै होइन

प्रदेश सभापति पुनले कुनै गुट वा अर्को गुटको भन्दै हिंड्न नहुने तर्क गर्दै उनले एउटा मापदण्ड बनाएर काम गरौँ भन्ने योजना रहेको बताए ।  उनले आफू निकट भनिने शेखर कोइराला पनि यो विषययमा गम्भीर नरहेको आरोप लगाए । उनले कोइरालाले पनि प्रदेशबाट प्रस्तावित नाम लिएर आउनुस् भन्नुको साटो आफ्नो मान्छे परेपछि मख्ख परेको आरोप लगाए ।

'प्रदेश सभापतिले आफ्नो गुट वा अर्को गुट भन्ने, हेर्ने कुरा हुँदैन । प्रदेशमा भएका राम्रा सांसदलाई एउटा मापदण्ड बनाएर मन्त्री बनाऔं भन्ने हो । यहाँ सभापतिको इच्छा, गुट भन्ने होइन, पार्टीको विधि र विधानको विषय हो,' उनले भने-'प्रदेश समितिसँग समन्वय नगरी यस किसिमले काम गर्नु निरकुंश शैली हो । संघीयताको मर्म विपरीतको कार्य भएपछि विरोध गर्नु परेको हो । त्यसमा हाम्रो गुट, अर्को गुट भन्ने हुँदै होइन ।'

### बिना हतियारको सेना बनाइयो

प्रदेश सभापति पुनले आफूहरूलाई बिना हतियारको सेना बनाइएको बताएका छन् । दैनिक लुम्बिनीसँगको कुराकानीमा उनले आफूहरूलाई अधिकारविहीन बनाइनु बिना हतियारको सेना सरह रहेको उल्लेख गरे । उनले जुनसुकै पदको पनि अधिकार तोकिएको हुने बताउँदै अधिकारअनुसार काम गर्न नपाउने भएमा त्यस्ता पदहरू नै बनाउन नहुने उल्लेख गरे ।

### राष्ट्रिय मुद्दा बनाउने योजना

नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति पुन संघीयताअनुसार निर्माण भएका राजनैतिक पदहरू र संरचनाले सोहीअनुसार काम गर्न पाउनुपर्ने राष्ट्रिय मुद्दा बन्नुपर्ने बताउँछन् । उनले अहिले नेपाली कांग्रेस र नेकपा एमालेले यो विषयमा गम्भीर भएर लाग्नुपर्ने जनाए । उनले यी दुई दलमा केन्द्रकृत मानसिकता रहेकोले संघीयताको मर्मअनुसारको काम हुनको लागि राजनीतिक दलले समेत सोहीअनुसारको कामहरू गर्न पाउनुपर्ने उल्लेख गरे ।

### प्रमुख सचेतक तिमिल्सिनाले दिए राजीनामा

नेपाली कांग्रेस लुम्बिनी प्रदेशसभाका प्रमुख सचेतक जन्मजय तिमिल्सिनाले पदबाट राजीनामा दिएका छन् । नेकपा एमालेका चेतनारायण आचार्य नेतृत्वमा कांग्रेसको नेतृत्व गर्दै सरकारमा सहभागी हुनेगरी तयारी भए पनि अन्तिम अवस्थामा नाम हटाइएका तिमिल्सिनाले पदबाट राजीनामा दिएका हुन् । तिमिल्सिनाले लुम्बिनी प्रदेशका कांग्रेस संसदीय दलका नेता डिल्लीबहादुर चौधरीसमक्ष साउन २१ गते राजीनामा बुझाएका हुन् ।  पार्टीभित्रको मन्त्री चयनको विषयमा असन्तुष्टीपछि उनले राजीनामा दिएका हुन् । तिमिल्सेना संस्थापन पक्षकै हुन् । सपथग्रहणको दिन बिहानसम्म मन्त्रीको सूचीमा रहेका तिमिल्सीनाको नाम संसदीय दल नेता समेत रहेका डिल्लीबहादुर चौधरीले हटाएपछि उनी रुष्ट बनेका छन् ।  चौधरीले तिमिल्सिनालाई २०७९ फागुन १३ गते प्रमुख सचेतकमा नियुक्त गरेका थिए ।  राजीनामा दिएसँगै उनले आफूले प्रयोग गर्दै आएको लु १ झ १३०५ नम्बरको गाडी प्रदेशसभालाई फिर्ता गरेका छन् ।

### मन्त्रिपरिषद्ले समेत पाएन पूर्णता

प्रदेश सरकारमा नेपाली कांग्रेसले पाउने ५ मन्त्रालयमध्ये जम्मा ४ जना मन्त्री बनेका छन् । कांग्रेसको किचलोले मन्त्रिपरिषद्को पूर्णता पाएको छैन । आफुखुसी मन्त्रीको सिफारिस लिएर नेपाली कांग्रेस संसदीय दल नेता डिल्लीबहादुर चौधरी काठमाडौं पुगेपछि प्रदेश सभापति पुनले विरोध जनाउँदै आएका थिए । विवादकै बिच प्रमुख सचेतक तिमिल्सेना सरकारमा नगएपछि सरकारले पूर्णता पाएको छैन ।

संसदीय दलका नेता चौधरीले भने आफूले एकलौटी गरेको आरोप सत्य नभएको जिकिर गर्छन् । प्रदेशसभामा रहेका २७ जना माननीय नै मन्त्रीका आकांक्षी हुने तर कांग्रेसको भागमा पाँचवटा मात्र मन्त्रालय परेको हुँदा बाँकी २२ जना मन्त्री बन्न नमिल्ने कुरा बुझिदिन उनले आग्रह गरे । 'पार्टीभित्र असन्तुष्टीहरू बढ्दै जाँदा पार्टी कमजोर हुन्छ, त्यसलाई रोक्न मेरोतर्फबाट समन्वय हुन्छ,' चौधरीले भने-'प्रदेश सभापतिजीसँग मैले आवश्यक पर्दा समन्वय गरेकै छु ।'

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# 'नेपाल प्रथम' अर्यालसहितका विद्यार्थी सम्मानित



बुटवल । बुटवलको न्यू होराइजन इङ्ग्लिस् बोर्डिङ सेकेन्डरी स्कूलले कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई सम्मान गरेको छ। विद्यालयमा शुक्रबार विशेष कार्यक्रम आयोजना गरी विज्ञान संकायतर्फ ३.९६ जीपीए ल्याएर नेपाल प्रथम विज्ञानराज अर्यालसहितका विद्यार्थीलाई सम्मान गर्दै विद्यार्थीको आगामी शैक्षिक यात्राको शुभकामना प्रदान गरिएको हो। विद्यालयबाट यो वर्ष विज्ञान संकायका विज्ञानराज अर्यालले ३.९६ जीपीए ल्याएर नेपाल प्रथम भएका थिए । विज्ञान र व्यवस्थापनबाट ४०५ जना विद्यार्थीहरू उत्तीर्णमध्ये ५६ जनाले ३.६ जीपीए भन्दामाथि ल्याएको विद्यालयका व्यवस्थापन संकायका संयोजक प्रकाश खनालले जानकारी दिए।

कार्यक्रममा बोल्दै विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजूले विद्यालयलाई कुनै उद्देश्य लिएर गुणात्मक शिक्षा लागि अगाडि बढ्न आग्रह गरे। लगनशीलता र इमानदारिताबाट सफलता चुम्न सकिने भन्दै होराइजन संस्थाबाट सञ्चालित शैक्षिक संस्थाबाट पनि विद्यार्थीहरुले आगामी शैक्षिक यात्रा अगाडि बढाउन पनि सकिने बताए । विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले नेपालमै राम्रो सम्भावना र अवसरहरु रहेकोले स्वदेशमै विद्यार्थीको पहिलो रोजाइन बन्नुपर्ने बताए। उप-प्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठलगायतले होराइजनको नाम चम्काउँदै सफलता शिखर चुम्न विद्यार्थीलाई शुभकामना दिए।

क्षितिज इन्टरनेशन कलेजका प्रमुख डा. सूर्य रानाले देशको शैक्षिक विकासले होराइजले ठूलो योगदान पुऱ्याएको बताए। क्षितिज कलेजमा स्नातक र स्नातकोत्तर तहको पढाइ हुने भएको कलेजलाई रोज्न विद्यार्थीलाई रानाले आग्रह पनि गरे । सो अवसरमा उत्कृष्ट जीपीए ल्याउने विद्यार्थीद्वय विज्ञानराज अर्याल, विशेषता रानाले शिक्षकहरुको उचित मार्गदर्शन र आफूहरुको मेहेनतबाट नै उच्च जीपीए ल्याएको बताउँदै आगामी दिनमा पनि संस्थाको नाम उचो बनाउँदै अघि बढ्ने बताए। कार्यक्रमको सञ्चालन प्लस टु विज्ञान संकाय संयोजक प्रकाश पन्तले गरेका थिए।

# सुस्ता गाउँपालिकाको वार्षिक प्रगति विवरण सार्वजनिक

**गौरीशंकर जयसवाल**

*परासी*

सुस्ता गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ को प्रगति विवरण सार्वजनिक गरेको छ। वार्षिक समीक्षा कार्यक्रममार्फत् गत वर्षको कार्यसम्पादन विवरण सार्वजनिक गरिएको हो।

प्रत्येक वडाबाट सम्पादन भएका कार्य विवरणहरु वडा सचिवहरूले सार्वजनिक गरेका थिए भने पालिकाका शाखा प्रमुखहरुले शाखागत रुपमा भएका कार्यसम्पादनको प्रगति प्रतिवेदन सार्वजनिक गरेका थिए।

आव २०८०/०८१ मा ४९ करोड ७६ लाख २७ हजार ४ सय ३३ रुपैयाँ बिनियोजन भएकोमा पुँजीगततर्फ ८७.१५, चालुतर्फ ७९.९३ प्रतिशत रहेको छ भने कुल बजेटको को ८२.९१ प्रतिशत वित्तीय प्रगति हासिल भएको गाउँपालिकाले जनाएको छ। त्यसैगरी आन्तरिक आम्दानीतर्फ ४ करोड ३५ लाख राजस्व संकलन भएको छ।

गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि, भौतिक पूर्वाधार, सडक सञ्जाल बिस्तारमा हासिल गरेका उपलब्धिहरुला बारेमा जानकारी गराएको छ।

गाउँपालिकाका अनुसार गत आवमा ५.३ किलो मिटर कालोपत्र गरिएको, पीसीसी सडक २.८ किमि र ४.१ किलोमिटर सडक ग्राभेल गरिएको छ ।अध्यक्ष नमूना सडक निर्माणका लागि ८२ लाख ४४ हजार ५ सय ५६ रुपैयाँ खर्च भएको प्रमुख प्रशासकीय अधिकृत हुमलाल भुसालले जानकारी दिए गत वर्ष कृषि विद्युतीकरणअन्तर्गत ५० प्रतिशत लागत साझेदारीमा कृषकलाई मोटर वितरण, नाला निर्माण, कृषि सडक बिस्तार, कल्भर्ट निर्माण, मठमन्दिर निर्माणलगायत सबै वडामा गरी १ सय ३ वटा बोरिङ जडान गरिएको गाउँपालिकाले जनाएको छ। आर्थिक वर्ष २०८१/०८२ का लागि ६४ लाख ९९ हजार बजेट बिनियोजन भएको छ। सीमित श्रोत र साधनका बाबजुत जनताका आवश्यकताका आधारमा योजनाहरुको प्राथमिकरण गरिएको गाउँपालिका अध्यक्ष टेकनारायण उपाध्यायले बताए। राजस्व छली, नदीजन्य पदार्थको दोहन नियन्त्रण गरी आन्तरिक राजस्व वृद्धि गर्न पालिका सफल भएको उपाध्यायले जानकारी दिए।

# पामिरका विद्यार्थीलाई उत्प्रेरणामूलक तालिम



तिलोत्तमा । पामिर इन्टरनेशनल एकेडेमी तिलोत्तमा-२ जानकीनगरले विद्यार्थीलाई उत्प्रेरणामूलक ताालिम दिएको छ।

कक्षा ७, ८, ९ र १० का विद्यार्थीलाई विद्यार्थीमा देखिने मनोवैज्ञानिक अवस्थालाई सहज रुपमा आत्मसात गरेर जीवनलाई कसरी सफलता उन्मुख बनाउन सकिन्छ र खुसी जीवनयापन गर्न सकिन्छ भन्ने विषयमा उत्प्रेरणामूलम तालिम दिइएको हो।

कार्यक्रममा प्रशिक्षक मनिषदेव मिश्रले व्यक्तित्व विकास, नेतृत्व विकास र जीवनमा सफलता प्राप्त गर्नका लागि गर्नुपर्ने कार्यहरुलाई समेटेर उत्प्रेरणामूलक प्रशिक्षण दिएका थिए । प्रशिक्षक मिश्रले सफल जीवनका लागि शिक्षा र सफलताका लागि लक्ष्य निर्धारण आवश्यक रहेको बताएका थिए।

विद्यालयका प्राचार्य गोपाल गौतमले विषयगत ज्ञानका अलावा विद्यार्थीलाई अन्य विषयमा पनि प्रशिक्षण आवश्यक हुने भएकाले विद्यालयले विभिन्न समयमा अतिरिक्त कार्यक्रमहरु गर्दै आएको जानकारी दिए । विद्यार्थीलाई सही समयमा सही निर्णय गर्न उत्प्रेरणमूलक तालिमले सहयोग पुऱ्याउने उनको भनाइ थियो । उनले विद्यार्थीको चौतर्फी विकासका लागि यस्ता उत्प्रेरणामूलक तालिम आवश्यक हुने बताए।

# नवीनमा महासंग्राम सम्पन्न

बुटवल। नवीन औद्योगिक कदरबहादुर रीता माध्यमिक विद्यालय देवीनगरमा विज्ञान समूह कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूद्वारा प्रस्तुतिकरणको महासंग्राम २०८१(Battle of Presentation 2081) शुक्रबार सम्पन्न भएको छ।

लुम्बिनी प्रदेश परीक्षा व्यवस्थापन समिति सदस्य एवं कपिलवस्तु नगरपालिकाका शिक्षा अधिकारी हरिप्रसाद ज्ञवालीले विद्यालयले विद्यालयको शैक्षिक गुणस्तर लगायत समस्त क्षेत्रमा अगुवाइ गर्दै नयाँ नयाँ असल अभ्यास गरेकोमा खुसी व्यक्त गरेका थिए।

बुटवल उप-महानगरपालिका शिक्षा शाखा प्रमुख उपनिर्देशक टिकाराम पन्थीले विद्यालयले विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमलाई निरन्तरता दिएकोमा आभार व्यक्त गरे।

विद्यालयका सहायक प्रधानाध्यापक अर्जुन खनालको अध्यक्षतामा विज्ञान समूह इञ्चार्ज लक्ष्मीनारायण चौधरीको सञ्चालनमा सम्पन्न कार्यक्रममा जीव विज्ञान विषय संयोजक रोशन तिवारीले स्वागत मन्तव्य व्यक्त गरेका थिए। बुटवल उप-महानगरपालिका सहायक निर्देशक कोपिला ज्ञवाली, यादवचन्द्र बिष्ट, विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बस्नेतलगायतले उत्कृष्ट प्रस्तुतिकरण गर्ने विद्यार्थीलाई पुरस्कार वितरण गरेका थिए । कार्यक्रमको मूल्याङ्कनमा भौतिक विज्ञान विषय संयोजक बाबुराम पौडेल, भौतिकशास्त्र विषय शिक्षक विनयकुमार बि.क. र अङ्ग्रेजी विषय शिक्षक काशीराज कार्की रहेका थिए। प्राविधिक सहयोगमा जीव विज्ञान विषय संयोजक रोशन तिवारी र रसायनशास्त्र विषय संयोजक जनार्दन पौडेलले गरे।

विद्यालयको वार्षिक कार्यतालिकाअनुसार विज्ञान समूह कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूद्वारा आयोजित प्रस्तुतिकरणको महासंग्राम २०८१ अन्तर्गत पाँचवटा शीर्षकहरू रहेका थिए। जसमा अनिस पोखरेल, ममता घिमिरे, हिरा सुनार र सिजन कुँवर रहेको समुह समय व्यवस्थापन शिर्षकमा प्रथम, युवराज चौधरी, रमन जिसी र शिव गैरेको समूह सामाजिक सञ्जालको प्रभाव शीर्षकमा द्वितीय र आस्था पाण्डे साइबर सुरक्षा शीर्षकमा तृतीय भएका थिए।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, भैरहवा

**खाद्य पदार्थको पैठारी पूर्व स्वीकृति तथा नाकामा प्रवेश अनुमति लिनुपर्ने सम्बन्धमा पैठारीकर्ताहरूका लागि सूचना**

मिति १९ श्रावण २०८१ देखि लागू हुने खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १३ को उपदफा (१) बमोजिम खाद्य पदार्थको पैठारी गर्न चाहने खाद्य व्यवसायीले खाद्य पदार्थ पैठारी गर्नुअघि विभाग वा विभागले कार्यालयबाट स्वीकृति लिनुपर्ने र उपदफा (२) बमोजिम खाद्य पदार्थ पैठारी गर्नुअघि स्वीकृति प्राप्त गरी पैठारीको लागि प्रवेश नाकामा ल्याइएका खाद्य पदार्थ नेपालभित्र पैठारी गर्नुअघि विभाग वा विभागले तोकेको कार्यालयबाट प्रवेश अनुमति लिनुपर्ने अनिवार्य प्रावधान रहेको र सो बमोजिम नगरेमा ऐनको दफा ४० (ग) बमोजिम कसूर गरेको मानिने भएकोले ऐनको दफा २ (घ) बमोजिम परिभाषित सम्पूर्ण खाद्य पदार्थहरुको पैठारी गर्नुअघि विभागबाट स्वीकृति लिई मात्र आयात गर्ने र भन्सार नाकामा आए पश्चात भन्सार नाकास्थित विभाग अन्तर्गतका खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालयबाट प्रवेश अनुमति लिई मात्र खाद्य पदार्थ पैठारी गर्नु गराउनु हुन सम्पूर्ण खाद्य पदार्थ पैठारीकर्ताहरुलाई सूचित गरिन्छ। अन्यथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
खाद्य आयात निर्यात गुणस्तर प्रमाणीकरण कार्यालय
बेलहिया, रुपन्देही, नेपाल
फोन: ०७१-५७५०४८ इमेल: fieqco. belhiya@gmail.com

HYDRABADI
DUM BIRYANI
Quality Lassi Center




HALAL
9809529708, 9826426071
Butwal-6, Nepalgunj Road
www.hydrabadimatkadumbiryani.com

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालको पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (मुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com